# थुलुङ दुधकोशी राजपत्र

थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित

## भाग-२

**सूचना ९**

सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको ।

## थुलुङ दुधकोशी बहु प्राविधिक शिक्षालय संचालन सम्बन्धी कार्यविधि, २०७५

*कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०५/११*

**प्रस्तावना** : स्थानीय स्तरमै सुलभ मुल्यमा प्राविधिक शिक्षामा आम युवाहरुको सहज पहुँच अभिवृद्धि गर्न गाउँपालिकाभित्र प्राविधिक शिक्षालयको स्थापना, संचालन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न कानुनी व्यवस्था गर्न वाच्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ तथा गाउँपालिकाको शिक्षा ऐन २०७५ बमोजिम गाउँ कार्यपालिकाको मिति २०७६/०५/११ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "प्राविधिक शिक्षालय संचालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्राविधिक शिक्षालय" भन्नाले सम्बन्धित निकायबाट कानून बमोजिम स्वीकृति लिई प्राविधिक धारको शिक्षा उपलब्ध गराउन गाउँपालिकाद्धारा स्थापना गरिने शैक्षिक संस्था सम्झनुपर्छ ।

(ख) "प्राविधिक शिक्षा" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिईभिटी) बाट सम्बन्धन लिई संचालन गरिने डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ र यस्तै अन्य प्राविधिक धारको शिक्षालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुलाई सम्झनुपर्दछ ।

(घ) "सहायक लेक्चर" भन्नाले गाउँपालिकाद्धारा स्थापना गरिएको प्राविधिक शैक्षिक संस्थामा अध्यापन गराउने व्यक्ति सम्झिनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(च) "प्राविधिक शिक्षालय संचालक समिति" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिृकतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## प्राविधिक शिक्षालय संचालक समिति

**३. प्राविधिक शिक्षालय संचालक समिति :** (१) यस थुलुङ दुधकोशी गाउँपालिकाले आफ्नो मातहतमा एक प्राविधिक शिक्षालयको स्थापना गरी संचालन गर्नेछ । उक्त शिक्षालयलाई व्यवस्थित गर्न देहाय बमोजिम एक संचालक समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत स्तरको कर्मचारी -सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको ईन्जिनियर वा विषयविज्ञ एक जना -सदस्य

(ङ) प्राविधिक शिक्षालयको प्रिन्सिपल -सदस्य सचिव

(२) अध्यक्षद्धारा मनोनयन गरिएको ईन्जिनियर वा विषयविज्ञको कार्यकाल दुई वर्षको हुनेछ । आवश्यकता र औचित्यको आधारमा अध्यक्षले पुन मनोनयन गर्न सक्नेछन् ।

**४. संचालक समितिको काम, कर्तव्य र अधिकार :** प्राविधिक शिक्षालय संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाद्धारा स्थापना भई संचालन गरिने प्राविधिक शिक्षालय संचालनको आवश्यक समन्वय र निर्देशन गर्ने ।

(२) प्राविधिक शिक्षालयलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक नीति र योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(३) प्राविधिक शिक्षालय संचालनको लागि आवश्यक पर्ने स्रोत साधनको उचित व्यवस्थापनको लागि पहल गर्ने ।

(४) प्राविधिक शिक्षालयको विकासको लागि सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।

(५) यस कार्यविधी र अन्य प्रचलित कानून बमोजिम शिक्षक र कर्मचारीहरुको व्यवस्थापनको लागि नीतिगत व्यवस्थ ागर्ने ।

(६) शिक्षक तथा कर्मचारीहरुको तहगत रुपमा तोकिएको न्यूनतम भन्दा अन्य सेवा सुविधा निर्धारण गर्ने र प्राविधिक शिक्षालय संचालनको लागि अन्य कार्यहरु गर्ने ।

(७) शिक्षालय संचालनका लागि आवश्यक समिति तथा उपसमितिहरुको निर्माण गरी परिचालन गराउने साथै संचालक समितिका पदाधिकारीहरुलाई आवश्यक थप जिम्मेवारी प्रदान गरी गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालयको रुपमा स्थापित गराउने ।

(८) थप कार्यक्रम संचालनका लागि सम्भाव्यता अध्ययन गर्ने र आवश्यक कार्यक्रहरु थप गरी संचालन गर्ने ।

## परिच्छेद-३

## शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था

**५. प्राविधिक शिक्षालयको संगठन संचरना, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था**

(१) थुलुङ दुधकोशी गाउँपालिकाद्धारा स्थापना भई संचालन गरिने प्राविधिक शिक्षालयमा देहाय बमोजिम संगठन संचरना, शिक्षक तथा कर्मचारीहरुको दरबन्दी हाललाई निम्नानुसार हुनेछ ।

| संरचना/शाखा | दरबन्दी संख्या | तह/श्रेणी | सेवा समूह |
|---|---|---|---|
| प्रिन्सिपल | १ | अधिकृतस्तर सातौं | ईन्जिनियर |
| प्रशासन शाखा | १ | सहायकस्तर पाँचौं | प्रशासन |
| आर्थिक प्रशासन शाखा | १ | सहायकस्तर पाँचौं | लेखा |
| पुस्तकालय शाखा | १ | सहायकस्तर चौथो | विविध |
| शिक्षक(सहायक लेक्चर) | ५ | अधिकृतस्तर छैटौं | |
| कार्यालय सहयोगी | १ | प्रथम स्तर | |
| सुरक्षा गार्ड (पाले) | १ | | |

## परिच्छेद-४

## शिक्षक (सहायक लेक्चर) तथा कर्मचारीहरुको पदपुर्ति, तलबभत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्था :

**६.** प्रिन्सिपल शिक्षक (सहायक लेक्चर) तथा कर्मचारीहरुको पदपुर्ति, तलबभत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) सबै शिक्षक र अन्य कर्मचारीहरुको पदपुर्ति हाललाई प्रचलित कानून बमोजिम करारसेवाद्धारा गरिनेछ । प्रिन्सिपलको छनौट गर्न देहाय बमोजिम एक छनौट समिति रहनेछ । छनौट समितिले प्रचलित कानून बमोजिम आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

क) प्राविधिक शिक्षालय संचालक समिति अध्यक्ष -संयोजक

ख) अध्यक्षले नियुक्त गरेको ईन्जिनियर वा विषय विज्ञ एकजना -सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(२) शिक्षक (सहायक लेक्चर) र अन्य कर्मचारीहरुको करार सेवा मार्फत पदपुर्तिको लागि देहाय बमोजिम छनौट तथा सिफारिस समिति रहनेछ । छनौट समितिले प्रचलित कानून बमोजिम आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

क) प्राविधिक शिक्षालयको प्रिन्सिपल -संयोजक

ख) अध्यक्षले नियुक्त गरेको सम्बन्धित विषयको विज्ञ एकजना -सदस्य

ग) गाउँपालिकाको अधिकृतस्तरको एकजना कर्मचारी -सदस्य

(३) प्रिन्सिपल, शिक्षक (सहायक लेक्चर) र अन्य कर्मचारीहरको मासिक तलब तहगत रुपमा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । प्रत्येक शिक्षक र अन्य कर्मचारीहरुलाई वर्षभरीमा एक पटक मासिक तलबस्केल बराबरको चाडपर्व खर्च उपलब्ध गराईनेछ ।

(४) मासिक तलब सुविधा बाहेक भत्ता वा अन्य शिर्षकको सुविधा संचालक समितिको बैठकले तोके बमोजिम हुनेछ । भत्ता दिदा प्रति महिना मासिक तलबस्केलको बढीमा ५० प्रतिशतसम्म मात्र उपलब्ध गराईनेछ ।

## परिच्छेद-५

## विद्यार्थी भर्ना छनौट तथा अन्य व्यवस्था

**७. विद्यार्थी भर्ना छनौट तथा अन्य व्यवस्था :** विद्यार्थी भर्ना छनौट तथा अन्य व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले निर्धारण गरेको प्रकृया पुरागरी विद्यार्थीहरुको छनौट तथा भर्ना गरिनेछ ।

(२) कक्षा संचालन र परीक्षा सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार हुनेछ । जसको लागि सिटिईभिटी, परीक्षा नियन्त्रण कार्यालय र अन्य सरोकारवाला निकायसंग समन्वय गरिनेछ ।

## परिच्छेद-६

## प्रिन्सिपलको काम कर्तव्य र अधिकार

**८. प्राविधिक शिक्षालयको प्रिन्सिपलको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(१) शिक्षालयमा एकजना प्रिन्सिपलको रुपमा रहनेछ । प्राविधिक शिक्षालयको प्रिन्सिपल उक्त संस्थाको प्रशासनिक प्रमुख भई कार्यसम्पादन गर्नेछ ।

(२) संचालक समितिको समन्वयमा शिक्षालयको दैनिक प्रशासनिक काम र पठनपाठनको व्यवस्था गर्ने काम प्रिन्सिपलको हुनेछ ।

(३) शिक्षक (सहायक लेक्चर) र अन्य कर्मचारीहरुलाई उचित जिम्मेवारी तोक्ने ।

(४) शिक्षालयको विकासका लागि कार्ययोजना बनाई संचालक समिति समक्ष पेश गर्ने ।

(५) सरोकारवाला निकायसंग आवश्यक समन्वय गर्ने ।

(६) पठनपाठन, परीक्षा संचालन सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद-७

## प्राविधिक शिक्षालयको स्रोत र आर्थिक प्रशासन सम्बन्धी व्यवस्था

**९. प्राविधिक शिक्षालयको स्रोत र आर्थिक प्रशासन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(१) प्राविधिक शिक्षालयको आर्थिक स्रोतको रुपमा संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य विभिन्न निकायबाट प्राप्त अनुदान र सहयोग, दान, चन्दा, विद्यार्थीबाट संकलन गरिएको विविध शिर्षकको शुल्क आदि हुनेछ ।

(२) प्राविधिक शिक्षालयको आर्थिक कारोबारको लागि नजिकको क वर्गको बाणिज्य बैंकमा संचालकको समितिको निर्णय अनुसार बैंक खाता संचालन गरिनेछ ।

(३) बैंक खाता संचालन शिक्षालयको प्रिन्सिपल र लेखापालको संयुक्त दस्तखदबाट गरिनेछ ।

(४) शिक्षालयको आर्थिक कारोबारको लेखा राष्ट्रिय मापदण्ड बमोजिम लेखा प्रमुखले राख्नुपर्नेछ ।

(५) लेखा प्रमुखले प्रत्येक चौमासिक रुपमा संचालक समितिको बैठकमा आर्थिक कारोबारको विवरण प्रस्तुत गर्नुपर्नेछ ।

(६) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र रजिष्ट्रर्ड लेखापरीक्षक मार्फत आर्थिक लेखापरीक्षण गराउनुपर्नेछ ।

## परिच्छेद-८

## विविध

**१०. थपघट, व्याख्या वा हेरफेर :** (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्नसक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

**११. खारेजी र बचाउ :** (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसंग बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

आज्ञाले,
अबिलाल राई
प्रमुख प्रशासकीय अधिकृत